मिति २०७६ साल बैशाख १५ गते आईतबारका दिन माननीय गृहमन्त्री श्री राम बहादुर थापा “बादल” ज्युद्धारा जिल्ला प्रशासन कार्यालय भोजपुरको कार्यालय भवन र जिल्ला  आपत्कालीन कार्यसञ्चालन केन्द्र, भोजपुरको समुद्घाटन कार्य सुसम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालयको प्राङ्गणमा भएको उक्त उद्घाटन कार्याक्रममा प्रतिनिधि सभा सदस्य माननीय श्री सुदन किराँती, मा.गृहमन्त्री ज्युका सल्लाकार श्री सुर्यप्रकाश सुवेदी ‘पथिक’,सुरक्षा सल्लाहकार डा.श्री ईन्द्रजित राई, जिल्ला समन्वय समिति भोजपुरका प्रमुख श्री लक्ष्मण खड्का, अध्यागमन विभागका महानिर्देशक श्री ईश्वरराज पौडेल लगायतको उपस्थिति रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी श्री नूरहरि खतिवडाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सहाय प्रमुख जिल्ला अधिकारी श्री कृष्ण बहादुर बस्नेतले स्वागत मन्तब्य प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा बोल्दै मा.गृहमन्त्रीज्यूले बदलिँदो परिवेश सँगै प्रमुख जिल्ला अधिकारीले संघीय सरकारको प्रतिनिधिको रुपमा जिल्लाको शान्ति सरक्षाको कार्य गर्नुपर्ने र प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी तुल्याई सुशासन कायम गर्ने दोहोरो भुमिका निर्वाह गर्नुपर्ने अवस्था रहेकोले चुस्त दुरुस्त रुपमा सेवा प्रवाह गर्न निर्देशन दिनु भएको थियो ।

जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुखहरु, सरकारी कार्यालयका प्रमुखहरु, उद्योग बाणिज्य संघ, पत्रकार महासंघ , नागरिक समाज लगायत विभिन्न संघ संस्थाको प्रतिनिधिहरु उपस्थित भएको उक्त कार्यक्रमको सञ्चालन सहायक प्रमुख जिल्ला अधिकारी श्री प्रयाश भट्टराईले गर्नु भएको थियो ।